नेपाल सरकार, उद्योग मन्त्रालय

नेपाल सरकार तथा उद्योग मन्त्रालय

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. का महाप्रवन्धक अन्जना ताम्राकारबीच

सम्पन्न कार्य सम्झौता

**(Agreement on Performance Contract)**

नेपाल सरकार, उद्योग मन्त्रालय (यसपछि "मन्त्रालय" भनिएको) र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।११।१२ को निर्णयबमोजिम राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. को महाप्रवन्धक पदमा नियुक्त हुनु भएका अन्जना ताम्राकार (यसपछि "महाप्रवन्धक" भनिएको) बीच देहायको कार्यसम्पादन सुनिश्चित गर्न सहमत भई मन्त्रालयका सचिव र महाप्रवन्धकबीच यो कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ ।

संक्षिप्त नाम र प्रारम्भः

क) यो सम्झौताको नाम नेपाल सरकार, उद्योग मन्त्रालय र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. का महाप्रवन्धकबीच भएको कार्यसम्पादन सम्झौता (Agreement on Performance Contract) हुनेछ ।

ख) यो सम्झौता दुवै पक्षबीच हस्ताक्षर भएको मितिबाट प्रारम्भ हुनेछ ।

१. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सम्झौतामा:-

क) "मूल्याङ्कन अवधि" भन्नाले पहिलो वर्षका लागि समझदारी लागू भएको मितिदेखि आर्थिक वर्षको असार मसान्तसम्मको अवधिलाई र तत्पश्चात प्रत्येक आर्थिक वर्षलाई सम्झनुपर्छ ।

ख) केन्द्र भन्नाले राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.लाई सम्झनु पर्छ ।

ग) "नियामक निकाय" भन्नाले उद्योग मन्त्रालय वा मन्त्रालयले तोकेको निकायलाई सम्झनुपर्छ ।

घ) "सम्झौता" भन्नाले मन्त्रालयका सचिव र महाप्रवन्धकबीच भएको कार्यसम्पादन सम्झौतालाई सम्झनुपर्छ ।

२. उद्देश्य :

१. उत्पादकत्व जनचेतना एवं अभिवृद्धि सम्वन्धि विकासमूखी एवं सामाजिक कार्य गर्ने ।

२. आर्थिक विकासको क्षेत्रमा परामर्श सेवा सम्वन्धि व्यवसायिक कार्य गर्ने ।

४. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. को काम तथा कर्तव्यहरुः

कम्पनी सदस्यहरुको हितमा वा निजहरुलाई लाभ हुने गरी देशभित्र वा अन्यत्र निम्न उल्लेखित व्यापार वा व्यवसायको संस्थागत विकास नियन्त्रण, व्यवस्थापन एवं संचालन गरी देशको दुततर औद्योगिकिकरण र उत्पादकत्वमा अभिबृद्धि गर्न सघाउ पुऱ्याउने ।

क) सरकारी एवं निजी क्षेत्रमा उद्योग, वाणिज्य एवं विकासको निमित्त टेवा दिने वा सहायक हुने व्यवसायहरुको योजनाबद्ध विकास, प्रवर्द्धन, सम्वर्द्धन, संस्थापन एवं संचालनकोनिमित्त आवश्यक पर्ने सामाजिक, आर्थिक तथा उत्पादकत्व अनुसन्धान गर्नको साथै प्राविधिक, वित्तीय, व्यवस्थापन र परियोजना इन्जिनियरिङ्ग सम्बन्धी सूचनाहरुको संकलन,अध्ययन, विश्लेषण एवं अनुसन्धान गरी औद्योगिक परामर्श सेवा प्रदान गर्ने ।

ख) सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको उत्पादन अभिबृद्धि गर्न आवश्यक उत्पादकत्व सम्बन्धी अनुसन्धान, कार्यक्रम, सेमिनार, गोष्ठी, कार्यशालाहरुको संचालन गर्ने र सूचनाहरु संकलन गर्ने, पुस्तिका प्रकाशन गरी वितरण गर्ने।

ग) सरकारी एवं गैर सरकारी संघ संस्थाहरुलाई लगानीपूर्व प्रारम्भिक तथा विस्तृत संभाव्यता अध्ययन, प्राविधिक सेवा,परियोजनाको विस्तृत इन्जिनियरिङ्ग, सर्भे सुपरिवेक्षण, जडान, संचालन बोलपत्र एवं करार सम्बन्धी कागजात तयार पार्ने इत्यादि सेवाहरु प्रदान गर्ने ।

घ) औद्योगिक व्यवसायहरुको व्यवस्थापन सुदृढीकरण र उत्पादकत्व अभिबृद्धिमा असर पार्ने सामाजिक, आर्थिक, संस्थागत नीति, बैदेशिक व्यापार, प्राकृतिक साधनहरु आदि बारे अध्ययन र अनुसन्धान गर्ने ।

ङ) प्राविधि हस्तान्तरणहरुको आर्थिक र सामाजिक पक्षहरु सम्बन्धी र रोजगारीको अवसर सृजना तथा विदेशी मुद्राको सम्बर्द्धन सम्बन्धी नेपाल सरकारको नीति र कार्यक्रमहरु प्रभावकारी बनाउन अनुसन्धान, अध्ययन र विश्लेषण गर्ने ।

च) सरकारी एवं गैर सरकारी संघ संस्थाहरुलाई उत्पादन, गुणस्तर नियन्त्रण मर्मत संभार उर्जा सम्बर्द्धन, बित्तीय बजार, कर्मचारी तथा मजदुरमौज्दात, सामान्य प्रशासन व्यवस्थापनको अध्ययन संस्थाको योजना तर्जुमा, उपयोगको उद्योग , क्षमता विस्तार, प्राधिकरण एवं उत्पादन विविधिकरण सम्बन्धमा प्राविधिक अध्ययन इत्यादि सेवाहरु उपलब्ध गराउने ।

छ) अस्वस्थ्य रुपमा सेवा भईरहेको वा बन्द भएका उद्योग व्यवसायहरुको अध्ययन अनुसन्धान एवं विश्लेषणगरी लाभप्रद रुपमा संचालन वा पुन संचालन गर्न सकिने उपायहरु बारे परामर्श दिने ।

ज) उद्योग व्यवसायलाई कुशलतापुर्वक संचालन र उत्पादकत्व अभिबृद्धि गर्न आवश्यक दफा एवं जनशक्ति तयार पार्नको निमित्त तालिम दिने तालिम स्कूल संचालन गर्न तालिम नीति तर्जुमा गर्ने र विदेशमा तालिम लिन पठाउने ।

नेपाल सरकार
उद्योग मन्त्रालय

झ) औद्योगिक क्षेत्रको विभिन्न पदहरुको, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार, प्रचलिन ऐन कानून औद्योगिक प्रविधिहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक सामाजिक र प्राविधिक पदाहरुको सुचनाहरु सूचनाहरु संकलन विश्लेषण आदि गरी सूचना संचालन गर्ने ।

ञ) दफा (क) देखि (झ) सम्म उल्लेखित सेवाहरु प्रभावकारी तवरले प्रदान गर्न विदेशी, अन्तर्राष्ट्रिय परामर्श दाता, संघ संस्थासँग सम्बन्ध कायम गर्ने, आफै वा अन्य परामर्शदाताहरु समेत संलग्न गराई संयुक्त रुपमा काम गर्ने वा नेपाली परामर्शदातालाई अध्ययन एवं तालिमको लागि विदेश पठाउने ।

ट) विकास र उत्पादकत्व अभिबृद्धि उल्लेखनीय योगदान दिने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्न सिफारिश गर्ने।

ठ) नेपाल कानूनको अधीनमा रही कर्मचारी कामदार एवं सल्लाहरुकारहरु नियुक्त गर्ने । स्वदेशी वा विदेशी फर्म कम्पनी, संगठीत वा व्यक्तिसँग साझेदारी वा अन्य किसिमले मिली काम गर्न संझौता, व्यवस्थापन सम्बन्धी करार, प्रविधि हस्तान्तरण सम्बन्धी संझौता वा यस्तै प्रकारको अन्य कुनै व्यवस्थापन गर्ने, तिनीहरुको पारिश्रमिक बोनश अनुदान अन्य सुविधा र कर्तव्य

ड) प्राथमिकता उत्पादिन बस्तुहरुको आयात निर्यात नियमित गर्नु मा थप मूल्य बारे अध्ययन गर्ने विश्लेषण गर्ने परामर्श दिने प्रमाणित गर्ने तथा आवश्यक परेमा आयात निर्यात सम्बन्धमा स्वीकृत जारी गर्ने ।

ढ) शेयरपत्र वा प्रत्याभुतिहरु खरीद गर्न, खरीद गर्ने ग्यारेन्टी दिने वा अन्य हुने किसिमबाट अधिकरण गर्ने वा अन्य कुनै किसिमबाट हक शक्ति दिने ।

ण) कर्मचारीहरुलाई पेन्सन, उपदान, बोनस एवं पुरस्कार दिने र यिनीहरुको निमित्त कल्याणकारी व्यवसायहरु गर्ने ।

त) चल एवं अचल सम्पत्तिहरु अधिकरण बहाल वा लिने दिने, सट्टापट्टा गर्ने । कम्पनी ऐनको अधिनमा रही कुनै सरकारी एजेन्सी, कम्पनी, फर्म वा व्यक्तिसँग अनुदान लिने अथवा दिने ।

थ) कम्पनीको कारोबारको निमित्त देशभित्र अथवा बाहिर शाखाहरु खोल्ने एजेन्ट नियुक्त गर्न अथवा अन्य कुनै किसिमको मेन्टेण्डको व्यवस्था मिलाउने ।

द) कम्पनीको कारोवार संचालन र व्यवस्थापन गर्न नियम विनियम बनाउने ।

ध) कम्पनी संस्थापन हुनु अघि संचालन भई रहेको औद्योगिक सेवा केन्द्रका सम्पूर्ण कर्मचारीहरु, सम्पत्ति एवं जायज्यथा एवं दायित्व नेपाल सरकारले तोकेको कम्पनीमा हस्तान्तरण गरी लिने ।

न) कम्पनीको उद्देश्य पूर्तिको लागि सहायक हुने वा अन्य गर्नु पर्ने काम कारवाही गर्ने ।

५ व्यवस्थापकीय मान्यताहरु (Core Values):

महाप्रवन्धकले उद्योगको उद्देश्य हाँसिल गर्न देहायका व्यवस्थापकीय मूल्य मान्यताहरुलाई आत्मसात गर्नुपर्नेछः-

क) जिम्मेबारी बोध तथा विषयवस्तुको पूर्वानुमान (Enhancing the Ownership and Pro-activeness),

ख) सुशासन र पारदर्शिता (Good Governance and Transparency),

ग) निश्पक्षता र समानता (Fairness and Equity),

घ) जनशक्तिको कार्यक्षमता र कार्यदक्षता बृद्धि (Increasing HR Capacity & Efficiency),

ङ) सेवाको गुणस्तरमा निरन्तर सुधार (Continuous Improvement in Quality of Services),

च) सम्बन्धित सरोकारवालाहरुको हकअधिकारमा विशेष प्राथमितकता (Priority in Concerned Stakeholders' Right Protection),

छ) लक्ष्य भन्दा नतिजामा विशेष जोड (Result Orientation rather than Target Oriented) र

ज) सहकार्य र सहभागिता ( Team Work and Participation) ।

६ रणनीति तथा कार्यनीतिहरुः

केन्द्रको उद्देश्य प्राप्तिको लागि मुलतः निम्नानुसारको रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ । समय र परिस्थतिजन्य कारणहरुले यी कार्यनीतिहरुमा सामान्य हेरफेर हुन सक्नेछ ।

क) केन्द्रको निर्दिष्ट उद्देश्य प्राप्त गर्न सक्षम जनशक्तिको विकास तथा व्यवस्थापन गर्ने ।

ख) विद्यमान मानव संशाधन नीतिमा समयसापेक्ष सुधार गरी जनशक्ति उत्पादकत्व बढाउने ।

ग) पुरानो परम्परागत ढाँचाको संगठन ढाँचामा सुधार गरी व्यवसायको आवश्यकतामा आधारित छरितो कार्यालय संगठन ढाँचा विकास गर्ने तथा संस्थाको आवश्यकताको आधारमा उचित कार्यालय संजाल निर्माण गर्दै व्यवसायलाई औचित्यपूर्ण कर्मचारी संख्या हुन जरुरी भएकोले Rightsizing तर्फ अध्ययन गरी कार्यान्वयन गर्ने ।

घ) कार्यालयमा अनुशासन कायम गर्न, दैनिक काम कारवाहीहरु अद्यावधिक गर्न, जिम्मेबारी बहन गर्ने क्षमता अभिबृद्धि गर्न र कर्मचारीहरुमा कर्तव्यपालनको संस्कार विकास गर्न आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने ।

ङ) समयमानै लेखापरीक्षणको कार्यसम्पन्न गराई उद्योगको आम्दानी खर्च, आय व्यय, सम्पत्ति दायित्व आदि विषय पारदर्शी बनाउने ।

च) केन्द्रको कार्यलाई व्यवस्थित, मर्यादित, पारदर्शी तथा समयसापेक्ष बनाई नियामक निकायलगायत सरोकारवालाहरु सबैलाई सुशासनको विषयमा विश्वस्त बनाउने ।

छ) केन्द्रको विद्यमान अवस्था, चुनौति र संभावनाको विषयमा आवश्यकताअनुसार विषयविज्ञ समेतको संलग्नता अध्ययन गराई ५ वर्षे रणनीतिक कार्यक्रम तर्जुमा गर्न लगाई प्राप्त उपयुक्त सुझावहरुको क्रमशः कार्यान्वयन गर्ने ।

ज) संस्थाको लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गर्ने सिलसिलामा आईरहेका विभिन्न थप क्रियाकलापहरुको कार्यसम्पादन यथोचित समयमा गरी केन्द्रको प्रगतिमा सहयोग पुऱ्याउने र

झ) केन्द्रको केन्द्रको वित्तीय स्थिति तथा सूचकांकहरुमा सुधार ल्याउन प्रयत्नशिल रहने ।

७. कार्यसम्पादन लक्ष्यहरु:

उपरोक्त रणनीतिलाई कार्यान्वयन गर्न प्रत्येक रणनीतिअन्तर्गत विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछन् । जुन क्रियाकलापहरुबाट संस्थाको उद्देश्य परिपूर्ति भै लक्षित प्रतिफल प्राप्त गर्न सकिनेछ । महाप्रवन्धकको कार्यसम्पादन मूल्याङ्कन दृष्टिले प्रत्येक रणनीति अन्तर्गत तोकिएका विभिन्न कार्यहरु तोकिएको समयमा सम्पादित भए वा भएनन् भन्ने आधारमा महाप्रवन्धकको आगामी ४ वर्षको कार्यसम्पादन मूल्याङ्कन हुनेछ । यसरी वर्षेनी सम्पादन गर्नुपर्ने कार्यहरुको विवरण अनुसूची १ मा उल्लेखित कार्यतालिका अनुसार हुनेछ ।

८. कार्य सम्पादन मूल्याङ्कन मापदण्ड र मूल्याङ्कन कार्यविधि

महाप्रवन्धकको कार्य सम्पादन मूल्याङ्कन मापदण्ड र मूल्याङ्कन कार्यविधि देहायबमोजिम हुनेछ ।

१. कार्य सम्पादन मूल्याङ्कन मापदण्डः- प्रस्तुत सम्झौता अनुरुप महाप्रवन्धकको कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रयोजनको लागि यस सम्झौताको अनुसूची १ (क) र अनुसूची १ (ख) मा उल्लेखित विभिन्न प्रमुख रणनीतिहरु वा कार्यहरुलाई संस्थाको व्यवसायिक, वित्तीय तथा गुणात्मक लक्ष्य मानी प्रत्येक रणनीति वा लक्ष्यलाई देहायबमोजिमको भार निर्धारण गरिएको छ ।

क) अनुगमन तथा मूल्याङ्कन प्रक्रियाः

महाप्रवन्धकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुनेछः

क) सम्झौताको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन मन्त्रालय वा तोकेको निकायले गर्नेछ ।

ख) आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र महाप्रवन्धकले सञ्चालक समितिलाइ अवगत गराइ सम्झौताअनुरुपको वार्षिक प्रगति विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

ग) सम्झौताको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको क्रममा मन्त्रालयले केन्द्रका कार्यालयहरुको स्थलगत अध्ययन गर्न वा गराउन सक्नेछ ।

घ) मन्त्रालयले सम्झौताअनुरुप महाप्रवन्धकको कार्यसम्पादन मूल्याङ्कन गर्दा नेपाल सरकारले अवलम्बन गरेका नीति, उद्योगमा प्रचलित ऐन, नियम एवं उद्योगले अवलम्बन गरेको वित्तीय व्यवस्थापन नीति तथा सञ्चालक समितिको निर्णयलाई प्रमुख आधारकोरुपमा लिनेछ ।

ङ) महाप्रवन्धकले काबुबाहिरको परिस्थितिका कारण वा सम्बद्ध निकायबाट अपेक्षित सहयोग प्राप्त हुननसकेको कारण वा सञ्चालक समितिको फरक दृष्टिकोणका कारणबाट आवश्यक साधनश्रोत वा सेवा उपलब्ध नभएको वा त्यस्तो साधनश्रोत परिचालन गर्न नसकेको अवस्थामा महाप्रवन्धकको कार्यसम्पादन स्तर प्रभावित भएमा कार्यसम्पादन मूल्याङ्कन गर्दा मन्त्रालयले विवेकको प्रयोग गर्नेछ ।

च) सम्बन्धित निकायबाट स्वीकृति लिई सम्पादन गर्नुपर्ने कार्यहरु सम्बन्धित निकायबाट स्वीकृति नभएको वा नीतिगत परिवर्तनका कारण तोकिएको उपलब्धि वा लक्ष्य प्राप्त हुन नसकेको अवस्थामा स्वीकृति प्राप्त भएजति कार्य सम्पन्न गरेको भए पनि शतप्रतिशत प्रगति हाँसिल भएको मानिनेछ ।

छ) पछिल्लो वर्ष वा समयकोलागि तोकिएका कार्यहरु तोकिएको समयभन्दा अघिल्लो वर्ष नै वा तोकिएको समय अगावै सम्पन्न गर्नसकिनेछ । यस्तो अवस्थामा सो समयको कार्यप्रगति पनि शतप्रतिशत भएको मानिनेछ ।

९ अंक दिने आधार तथा फरमेटः- कार्यसम्पादनको लागि दिइएको कार्य अन्तर्गत रहेका क्रियाकलापलाई सोही आधारमा अंक विभाजन गरिएको छ । अनुसूची १ (क) मा दिएको प्रत्येक एक कार्यको लागि ७ अंकका दरले १० कार्यको लागि कुल योग ७० नम्बर हुनेछ । त्यसैगरी अनुसूची १ (ख) मा दिएको प्रत्येक एक कार्यको लागि ७.५ अंकका दरले ४ कार्यका लागि कूल योग ३० नम्बर गरी जम्मा १०० नम्बर अर्थात् तोकिएको कामको लागि शत प्रतिशत मानी कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

९.१. प्राप्तांकहरुको कूलयोग निकाल्नेः-

यस सम्झौताको अनुसूची १ (क) र (ख) बमोजिम प्राप्तांकहरुको जम्मा योगलाई जोडेर समष्टिगत प्राप्तांकको कूल योग निकाल्ने ।

९.२. गुणात्मक लक्ष्यको वर्गिकरण :

प्रत्येक वर्षको गुणात्मक लक्ष्य र सोको उपलब्धिको स्तरलाई माथि दफा ९.१ अनुसार समष्टिगत प्राप्तांकको आधारमा देहायबमोजिम वर्गिकरण गरिनेछ :

| क्र.सं. | निर्धारित समयमा लक्ष्यअनुरुपको उपलब्धिको स्तर | उपलब्धिको वर्गिकरण |
|---|---|---|
| १. | ९० प्रतिशत वा सोभन्दा अधिक अंक | अतिउत्तम |
| २ | ७५ प्रतिशत वा सोभन्दा माथि ९० प्रतिशतभन्दा कम | उत्तम |
| ३ | ६५ प्रतिशत वा सोभन्दा माथि ७५ प्रतिशतभन्दा कम | सन्तोषप्रद |
| ४ | ५० प्रतिशत वा सोभन्दा माथि ६५ प्रतिशत भन्दा कम | सामान्य |
| ५ | ५० प्रतिशतभन्दा कम | न्यून |

१० आवश्यक कार्यवातावरण, अधिकार, सहयोग र श्रोतसाधनः

यो सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न र महाप्रवन्धकको कार्यसम्पादन मूल्याङ्कन तथा कुशलव्यवस्थापन सुनिश्चित गर्न महाप्रवन्धकलाई देहायको कार्यवातावरण, अधिकार, सहयोग र श्रोत साधनको आवश्यकता पर्नेछ :

क) मन्त्रालय र महाप्रवन्धकबीच भएको सम्झौतालाई केन्द्रको आगामी ४ वर्षको न्यूनतम कार्यक्रम र कार्यदिशाकारुपमा स्वीकार गरी सम्झौताको कार्यान्वयनमा उपयुक्त कार्यवातावरण दिन तथा सो को लागि आवश्यकतानुसार वित्तीय एवं भौतिक श्रोतसाधनको सुनिश्चितता गरिदिन मन्त्रालयले केन्द्रको सञ्चालक समितिलाई मार्गदर्शन गर्नेछ ।

ख) सम्झौताको कार्यान्वयनको क्रममा उद्योगको सञ्चालक समिति र महाप्रवन्धकबीच कार्यसम्पादनसम्बन्धी विषयमा मतभिन्नता वा विवाद उत्पन्न भएमा सो को समाधानका लागि मन्त्रालयले मध्यस्थता गर्नेछ ।

ग) केन्द्रको लेखापरीक्षण कार्यलाई सम्पन्न गर्नको लागि समयमा लेखापरीक्षक खटाउने कार्यमा पहल गर्न नेपाल सरकारबाट आवश्यक सिफारिस तथा स्वीकृतिकोलागि सहयोग उपलब्ध गराइनेछ ।

घ) सम्झौताको कार्यान्वयनकालागि मन्त्रालयबाट उद्योगलाई देहायको सहयोग प्राप्त हुनेछ:

- आवश्यकताअनुसार केन्द्रको प्रचलित ऐन, नियमावली तथा कार्यविधिहरुमा संशोधन/परिमार्जन गर्न ।
- केन्द्रको लक्ष्य पुरा गर्न आवश्यक साधानश्रोत जुटाउन वा व्यवस्थापन गर्नकालागि समयमा सहमति वा स्वीकृति प्रदान गर्ने ।
- मन्त्रालयको नीतिगतरुपमा सहमति वा स्वीकृति लिई सम्पादन गर्नुपर्ने कार्यहरुकोलागि समयमा सहमति वा स्वीकृति दिने ।
- अन्य कुनै निकायको स्वीकृति वा सहमति आवश्यक भएको अवस्थामा सो लिन मन्त्रालयको सिफारिस वा सहमति आवश्यक भएमा समयमै सिफारिस गरीदिने वा सहमति दिने ।

## १० महाप्रवन्धकको सेवाका शर्तहरु:

महाप्रवन्धकको सेवाका शर्तहरु देहायबमोजिम हुनेछन्:

क) महाप्रवन्धकको पदावधि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।११।१२ को निर्णयअनुरुप चार (४) वर्षको हुनेछ ।

ख) महाप्रवन्धकको सेवा सुविधाहरु केन्द्रको प्रचलित ऐन, नियम र कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

| | |
|---|---|
| ..........२०७१।१२।४<br>२०७१।१२।४ (अन्जना ताम्राकार)<br>महाप्रवन्धक<br>राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि., | ...................<br>(जयमुकुन्द खनाल)<br>सचिव<br>उद्योग मन्त्रालय, सिंहदरबार |

## अनुसूची — १

क) परिमाणात्मक लक्ष्य (७x१०=७०)

| आर्थिक तथा वित्तीय पक्ष | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | विवरण | हालको स्थिति | आर्थिक वर्षको लक्ष्य २०७१-०७५ सम्म | | | |
| | | | ७१/७२ | ७२/७३ | ७३।७४ | ७४/७५ |
| १ | उत्पादकत्व बढाउने सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने । | १ पटक | १ | १ | १ | १ |
| २ | दक्ष जनशक्ति विकास गर्ने | १६० जना | १६० | १७० | १८० | २०० |
| ३ | तालिम संचालन गर्ने | ८ | १ वटा | २ वटा | २ वटा | २ वटा |
| ४ | उत्पादकत्व प्रवर्द्धन सम्वन्धि सामाग्री प्रकाशन गर्ने । | - | १ (एक) विपयसंग सम्वन्धित | २ (दुई) विपयसंग सम्वन्धित | २ (दुई) विपयसंग सम्वन्धित | २ (दुई) विपयसंग सम्वन्धित |
| ४ | सम्पत्ति अद्यावधिक तथा संरक्षण गर्ने । | विवरण रहेको तर सरक्षण नभएको | - | - | - | १ |
| ५ | विगत ५ वर्ष देखिको लेखापरीक्षण सम्पन्न गराउने । | २०६४/६५ सम्म | २ | १ | १ | १ |
| ६ | उद्योगको ऋण क्रमशः घटाउदै नाफामा संचालन गर्ने । | १करोड २५लाख ५० हजार | २५% | २५% | २५% | २५% |
| ७ | कवाडि वस्तुको लिलाम गर्ने । | नभएको | २५% | ७५% | - | - |
| ८ | वार्षिक कार्यक्रम तथा बजेट निर्माण तथा स्वीकृत गरी कार्य गर्ने गराउने | गर्ने नगरेको | १ | १ | १ | १ |
| ९ | वार्षिक साधारणसभा सम्पन्न गर्ने गराउने र कम्पनी रजिष्ट्रारको कार्यालयमा उद्योगको कागजात अद्यावधिक गराउने । | गर्ने नगरेको | १ | १ | १ | १ |
| १० | उस्तै प्रकृतिको संस्थासंग मर्ज गर्ने । | | - | - | - | - |

ख) गुणात्मक लक्ष्य (४x७.५=३०)

| प्राविधिक पक्ष गुणात्मक पक्ष | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | हालको स्थिति | मूल्याङ्कन सूचक | |
| | | | कार्यक्रम | अनुगमन तथा मूल्याङ्कन |
| १. | संगठनात्मक ढाँचामा सुधार गर्ने । | | कार्यक्रम बनाउने । | अनुगमन तथा मूल्याकन गर्ने । |
| २. | कर्मचारीको उचित व्यवस्थापन गर्ने । | | कार्यक्रम बनाउने । | अनुगमन तथा मूल्याकन गर्ने । |
| ३. | E attendance लागू गर्ने । | | कार्यक्रम बनाउने । | अनुगमन तथा मूल्याकन गर्ने । |
| ४. | APO (Asian Productivity Organization) को सम्पर्क कार्यालयको रुपमा कार्य गर्ने । | | - | अनुगमन तथा मूल्याकन गर्ने । |

ख) निर्माण सामाग्री तथा अन्य विविध प्रयोगमा ल्याउने विभिन्न प्रकारका सिमेण्टको उत्पादन गर्ने, व्यापक वजार व्यवस्था गर्ने राष्ट्रिय खाँचोको परिपूर्ति गरी आत्मनिर्भर बन्ने ।

ग) देशको औद्योगिक विकास, आर्थिक विकास तथा रोजगारी प्रदान गर्नेमा सक्दो सघाउ पुर्‍याउने ।

४. उदयपुर सिमेण्ट उद्योग लि. को काम तथा कर्तव्यहरु:

क) विभिन्न किसिमका सिमेण्टहरु उत्पादन गर्ने जस्तै: पोर्टल्याण्ड ,हाइड्रोफोबिक सिमेण्ट, ह्वाइट एण्ड कलर आदि ।

ख) सिमेण्टको उत्पादन गर्न आवश्यक पर्ने खनिज, कच्चा पदार्थहरु, चुनढुङ्गा, माटो, फलामको धाउ, भिराइट, जिप्सम, कोइला आदि र अन्य धातु तथा सधातु खानीहरुको खोजि गर्ने, पत्ता लगाउने, प्राप्त गर्ने वा लिज वा भाडामा लिने, उपलब्ध गर्ने, उत्खनन् गर्ने, संचालन प्रशोधन गरी उत्पादन समिश्रण गर्ने ।

ग) विभिन्न प्रकारको सिमेण्टको फिनिसिङ्ग गर्ने, नापतौल गर्ने, प्याकेजिङ्ग गर्ने ।

घ) सिमेण्ट उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ, केमिकल्स आदि स्वदेशमै बनाउने र प्रयोग गर्ने ।

ङ) उद्योगको भौतिक सम्पत्तिहरुको संरक्षण र संबर्द्धन गर्ने ।

च) उद्योगका लागि आवश्यक पर्ने पूर्वाधारहरुको व्यवस्था मिलाउने ।

छ) उद्योगको मेसिन तथा उपकरणहरुको लागि वर्क सप खोल्ने, निर्माण, विस्तार तथा व्यवस्था गर्ने ।

ज) उद्योगको उत्पादनलाई परिचित एवं जगेर्ना गर्न आवश्यकता अनुसार पेटेन्ट, डिजाइन तथा ट्रेड मार्कहरु दर्ता गरी प्रयोग गर्ने, नविकरण गर्ने र विज्ञापन आदि गर्ने ।इत्यादि ।

५ व्यवस्थापकीय मान्यताहरु (Core Values):

महाप्रवन्धकले उद्योगको उद्देश्य हाँसिल गर्न देहायका व्यवस्थापकीय मूल्य मान्यताहरुलाई आत्मसात गर्नुपर्नेछ:-

क) जिम्मेबारी बोध तथा विषयवस्तुको पूर्वानुमान (Enhancing the Ownership and Proactiveness),

ख) सुशासन र पारदर्शिता (Good Governance and Transparency),

ग) निश्पक्षता र समानता (Fairness and Equity),

घ) जनशक्तिको कार्यक्षमता र कार्यदक्षता बृद्धि (Increasing HR Capacity & Efficiency),

ङ) सेवाको गुणस्तरमा निरन्तर सुधार (Continuous Improvement in Quality of Services),

च) सम्बन्धित सरोकारवालाहरुको हकअधिकारमा विशेष प्राथमितकता (Priority in Concerned Stakeholders' Right Protection),